**छथर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुमका लौरो खरिद कार्यको शिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

(सूचना नं.-१७/०७५-७६)

प्रथम पटक प्रकाशित मिति २०७६।०२।०१

१.दरभाउपत्र खरिद गर्न इच्छुक कंपनी ,फर्म वा आपुर्तिकताहरुले फर्म दर्ता,फर्म नवीकरण प्रमाण पत्र, औषधी ब्यबसायी दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र मूल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रहरुको मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र राजस्व शाखामा रु.१०००।०० (अक्षरेपी एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचर सहित लिखित निवेदन साथ रु १०/-को टिकट टाँस गरि यस कार्यालयबाट दरभाउपत्र कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२.खरिद गरेको दरभाउ पत्र रितपूर्वक भरी शिलबन्दी खामको बाहिर लौरो आपूर्ति सम्बन्धि शिलबन्दि दरभाउपत्र भनि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६(सोह्र) औ दिन अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे देखि दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरुको रोहवरमा यस गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ । शिलवन्दी दरभाउ पत्र दाता वा निजका प्रतिनिधीहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३.दरभाउ पत्र साथ रु २४०००।०० (चौविस हजार रुपैया)यस कार्यालयको नाममा रहेको नेपाल बंगलादेश बैंकको खाता नं. 0530000841 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंकको वैक जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४.दरभाउ पत्र भर्दा अंक र अक्षरमा प्रष्ट रुपमा VAT बाहेकको रकम उल्लेख गर्नुपर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ । VAT को रकम छुटै अनिवार्य रुपमा खुलाउनु पर्नेछ । VAT नलाग्ने सामाग्रीको हकमा नेपाल सरकारको मान्यता प्राप्त निकायबाट VAT नलाग्ने भनि उल्लेख गरेको लिखित प्रमाण पेश गर्नुपर्नेछ । शिलबन्दि दरभाउपत्र पेश गर्दा आपुर्ति गरिने सामाग्रीको नमूना समेत पेश गर्नुपर्नेछ । दरभाउ पत्र स्विकृत गर्दा सबै भन्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउ पत्रलाई स्विकृत गरिने छ ।

५.सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित) को नियम ४० (ङ) बमोजिम बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र सम्बन्धी कागजात दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६.दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन् ।

७.दरभाउ पत्र दाताले उपलब्ध गराउने लौरो तोकिएको प्राविधिक स्पेशिफिकेसन अनुरुप हुनुपर्नेछ ।

८.प्रत्येक लौरोमा प्रिण्ट वा नमेटिने मसिले "छथर गाउँपालिका लौरौ उपहार कार्यक्रम, गाउँपालिकाको चाहना-सु-स्वास्थ्यको कामना" भनि उल्लेख गरेको हुनुपर्नेछ ।

९.दरभाउपत्र दाताको दरभाउपत्र स्विकृत भएपछि कवोल अंकको ५% बराबरले हुने रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।

१०.लौरो Steel Body With High Density भएको, Rubber shoe भएको,Buttem System With Height Adjustable र हातमा समाउन मिल्ने बेल्ट भएको हुनुपर्नेछ ।

११. यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संसोधित सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित सहित) तथा प्रचलित नेपाल कानुन वमोजिम हुनेछ ।

१२.दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१३. दरभाउ पत्र सम्बन्धी अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

**(कुमार बस्नेत)**
**प्रमुख प्रशासकीय अधिकृत**

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत